# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) जनकपुरधाम, असार ३१ गते, २०७६ साल (पूर्व अतिरिक्ताङ्क १(ग)


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६

सम्वत २०७६ सालको ऐन नं. ०३

<u>प्रदेश सभाको पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐनलाइ संशोधन गर्न बनेको ऐन</u>

**प्रस्तावना:** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐनलाई संशोधन गर्न बाञ्छनीय भएकोले

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम प्रारम्भ :** यस ऐन को नाम "प्रदेश सभाको पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५(यसपछि मुल ऐन भनिएको) को दफा २ मा संशोधन:**मुल ऐनको दफा २ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ।

"(ज) सभापति भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ र सो शब्दले प्रदेश सभामा तीन महिनाभन्दा बढी समयको लागि गठन भएको विशेष समितिको सभापति वा संयोजक समेतलाई जनाउँछ।"

३. **मूल ऐनको दफा ६ मा संशोधन:** मुल ऐनको दफा ६

१. उपदफा (३) मा रहेको "सभामुख र उपसभामुखले" भन्ने शब्दहरुको सट्टा "पदाधिकारीले" भन्ने शब्द राखिएको छ।

२. उपदफा (४) मा रहेको "सभामुख र उपसभामुखलाई" भन्ने शब्दहरुको सट्टा "पदाधिकारीलाई" भन्ने शब्द राखिएको छ।

३. उपदफा (६) मा रहेको "वापत प्रति महिना रु ६०,०००। (साठी हजार) रकम" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारले तोकेबमोजिम" भन्ने शब्दहरु राखिएको छ।

४. **मूल ऐनको दफा १४ मा संशोधन:** मूल ऐनको दफा १४:

१. उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :

"(२) उपदफा (१) बमोजिमको चिकित्सकले औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम पदाधिकारी र सदस्यहरुले सरकारी वा सामुदायिक अस्पतालमा औषधी उपचार गराएमा त्यसरी उपचार गराउदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सभा सचिवालयले व्यहोर्नेछ।"

२. उपदफा (२) पछि देहायका उपदफा (२क) थपिएको छः

"(२क) पदाधिकारी र सदस्यहरुको उपदफा (२) बमोजिम सरकारी वा समुदायिक अस्पतालमा उपचार सम्भव नहुने भनी मेडिकल बोर्डले सिफारिस गरेमा गैर सरकारी अस्पतालमा उपचार गराउदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको खर्चको पचास प्रतिशत रकम प्रदेश सभा सचिवालयले व्यहोर्नेछ।

३. उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः

"(५) यस ऐन बमोजिमको मेडिकल बोर्ड प्रदेश सरकारले तोके बमोजिम हुनेछ।"

प्रमाणीकरण मिति-२०७६/०३/३१

आज्ञाले,
कृष्णहरि पुष्कर
प्रदेश सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३